नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
मध्य–बानेश्वर, काठमाडौं, नेपाल
फोनः ०१–४४९८०१३/१४, इमेल : info@aepc.gov.np

# घरायसी नवीकरणीय ऊर्जा प्रविधिहरुको जडान, निर्माण तथा बिक्री पछिको सेवा सम्बन्धी कार्यको लागि मान्यता प्राप्त कम्पनी/संस्थाहरुको सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०५/०१**

नेपाल सरकारद्वारा स्वीकृत विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधिमा भएको व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०७९/८० को लागि (क) घरायसी बायोग्यास प्लाण्ट (ख) जैविक ऊर्जा प्रणाली (फलामे सुधारिएको चुलो, फलामे रकेट चुलो, फलामे ग्यासिफायर चुलो) (ग) सौर्य घरेलु विद्युत प्रणाली (घ) सौर्य तापीय प्रणाली (सोलार ड्रायर र कुकर) हरुको निर्माण/जडान तथा विक्री पछिको सेवा उपलब्ध गराउने सम्बन्धी कार्य गर्नको लागि यस केन्द्रबाट मान्यता प्राप्त गर्ने सम्वन्धमा इच्छुक व्यवसायिक संस्था/कम्पनीहरुलाई सूची दर्ता गर्नका लागि यसै सूचना मार्फत आवेदन आह्वान गरिन्छ।

उल्लेखित कार्यका लागि मान्यता प्राप्त संस्था/कम्पनीको सूचीमा दर्ता गर्नको लागि इच्छुक सम्बन्धित व्यावसायिक संस्था/कम्पनीहरुले यस केन्द्रले तयार गरेको ढाँचामा विवरणहरु तयार गरी मिति २०७९ साल भाद्र ३० गते कार्यालय समयभित्र केन्द्रमा निवेदन दर्ता गराउनु पर्नेछ। निवेदन फरामको ढाँचा तथा मूल्याङ्कनका मापदण्ड केन्द्रको वेबसाइट www.aepc.gov.np मा उपलब्ध छ। प्रत्येक वर्गमा सूचीकृत हुन चाहने कम्पनी/संस्थाहरुले छुट्टाछुट्टै आवेदन पेश गर्नुपर्नेछ। रित नपुगी वा अन्य ढाँचामा पेश गरिएको निवेदन यस प्रक्रियामा समावेश गरिने छैन। पहिलो म्याद नाघी प्राप्त भएको निवेदन अर्को पटकको सूचीमा समावेश गरिनेछ। सूची दर्ता गराउने प्रकृया चालु आर्थिक बर्ष भरि खुल्ला रहनेछ र प्रत्येक त्रैमासिकमा सूची अध्यावधिक गरी पछिल्लो स्वीकृत सूची प्रकाशित गर्न सकिनेछ। प्राप्त दरखास्तहरु सूचीकृत गर्ने वा नगर्ने अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ। गैर नाफामुलक संस्थाहरुलाई यस प्रक्रियामा समावेश गरिने छैन।

**पुनश्चः** गत आ.व. मा सूचीकृत भई चालु आ.व.मा मान्यता प्राप्त कम्पनी/संस्थाको रुपमा नवीकरण वा अद्यावधिक भईसकेका वा अद्यावधिक हुन आवेदन पेश गरिसकेका संस्था/कम्पनीहरुले पुनः आवेदन पेश गर्नुपर्ने छैन।